# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३


प.सं. ०८०।०८१
च.नं. २०६

मितिः २०८०/०४/२२

**नहर विभागको जग्गामा बसोबास गर्ने भूमिहीन दलीत, भूमिहीन सुकुम्बासी र आधारभूत बास वा घर नभएका सुकुम्बासीहरुलाई अत्यन्त जरुरी सूचना !**

प्रस्तुत विषयमा यस राप्ती नगरपालिकाको मिति २०७९/०९/१३ को दशौं का .पा.बैठक निर्णय र सिंचाई विभागको पत्रानुसार सिंचाई(नहर) विभागको जग्गा संरक्षण गर्न वडा नं ५ र ६ स्थित भण्डारा चोकभित्र आसपासमा २०५० सालमा राप्ती डयाम (डयाग) *तोडफोड भई* बाढी पसेको र सुरक्षित स्थानमा सारि *स्थानीय* जनप्रतिनीधि,मान्यजन, जिल्ला प्रशासन कार्यालयको प्रतिनीधि समेत बसी तत्काललाई सुरक्षित गर्नको लागि अस्थायी बासस्थानको लागि व्यवस्था गरिएको र हाल डयाग निर्माणको काम पूरा भएको र बाढीले डयाग फुटाउने सम्भावना कम भएकोले आ-आफ्नो स्थानमा फर्कनको लागि सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध गरिन्छ। साथै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३९ को दफा (४)र (५) दफा ४१ र दफा ४५ बमोजिम व्यक्ति, संस्था र निकायको नाममा सार्वजानिक सूचना जारी गरिएको छ। उक्त समयसीमा भित्र त्यस्तो संरचना नहटाएमा सोही दफाको उपदफा ४ बमोजिम न.पा.ले आफै हटाउन र भत्काउ सक्नेछ र यसरी हटाउदा वा भत्काउदा लागेको खर्च सम्बन्धित व्यक्ति ,संघ र निकायबाट असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपशिलः-

१. घर, आफ्नो निजी स्वामित्व भएकाहरुले आफ्नो चलअचल सम्पति स्थायी बासस्थान वा घरमा स्थानन्तरण गर्ने ।

२. नहर विभाग को जग्गामा बसोबास गर्ने भूमिहीन दलीत, भूमिहीन सुकुम्बासी र आधारभूत बास वा घर नभएका सुकुम्बासीहरुले अबिलम्ब यस नगरपालिका कार्यालयमा समयमा नै संपर्क राखी आवश्यक प्रमाण कागजात समेत संलग्न राखी निवेदन दिनुहुन जानकारी गराइन्छ ।

पुनश्चः अन्यथा नेपाल सरकारको प्रचलित कानुन र स्थानीय सरकारले कानुन बमोजिम कार्यान्वयन गर्ने व्यहोरा सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

२०८०/४/२२

नीलमकुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री वडा नं ५ को कार्यालय, राप्ती नगरपालिका ।

श्री वडा नं ६ को कार्यालय, राप्ती नगरपालिका ।